कचनकवल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बनियानी, झापा
१ नं. प्रदेश, नेपाल

पत्र संख्या: ०७५।०७६
चलानी नं. :

मिति :- २०७५/१२/२०

## सूचना !! सूचना !! सूचना !!

यस गाउँपालिकाबाट आर्थिक वर्ष २०७५।०७६ मा कृषकहरुका लागि अनुदान स्वरुप वितरण गरिने मोटर बोरिङ्ग तथा स्प्रे सम्बन्धमा यस गाउँ कार्यपालिकाको मिति ०७५।१२।१९ को बोर्ड बैठकको निर्णय अनुसार देहाय बमोजिमको कार्य नीति अगाडि पारित गरिएकोले मोटर बोरिङ्ग तथा स्प्रे प्राप्त गर्न चाहनु हुने कृषकहरुले बोर्ड बैठकबाट पारित नीति अनुसार गर्नु गराउनु हुन जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

१.मोटर बोरिङ्ग वितरणमा लागत सहभागिता बापत यस आ.व.का लागि मोटर बोरिङ्ग गाड्ने खर्च मात्र उपभोक्ताहरुलाई व्यहोर्न लगाउने र आगामी आ.व.देखि यस्ता कृषि तथा पशु पालन व्यवसायमा आवद्ध किसानहरुको आयस्तरको पचास प्रतिशत, तीस प्रतिशत, बीस प्रतिशत र अति विपन्न वर्गका लागि १० प्रतिशत सम्म लागत सहभागिता कायम गरिने छ ।

२. कृषि अनुदानका सहुलित तथा अन्य यन्त्र उपकरण र औजारहरु सामुहिक रुपमा मात्र वितरण गर्ने र एक समुहमा कम्तीमा पाँच घरका कृषकहरु हुनुपर्ने छ ।

३. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (धान सुपर जोन) सँग मोटर बोरिङ्ग वा स्प्रे वा टयुबवेल लिएको विवरणको लगत लिई, भिडाई सोही आधारमा वितरण हुने व्यवस्था गर्ने, सुपरजोनबाट अनुदान लिएका किसानहरुले यस गा.पा.बाट वितरण गरिने सोही प्रकृतिका कृषि औजार तथा अन्य सहुलियत पाउने छैन । यस गाउँपालिका तथा धान सुपरजोनबाट गत आ.व. मा सुविधा लिएका व्यक्ति वा समूहलाई पुन: सामाग्री उपलब्ध गराइने छैन । यसैगरी चोरी भएको, भत्किए बिग्रेको कारण देखाई कम्तिमा पाँच वर्ष सम्म थप सुविधा दावी गर्न पाइने छैन ।

४.सामाग्री बुझी लगेपछि बोरिङ्ग जमिनमा गाडेको नपाइएमा वा सही सदुपयोग गरेको नपाईएमा सामाग्री बराबरको मुल्य सरकारी बाँकी सो सरह लाभग्राहीबाट असुल उपर गरिने छ ।

५.सिँचाइ गर्ने जग्गाको क्षेत्रफल एक समूहका लागि कम्तिमा दुई विघा हुनुपर्ने र उक्त जग्गा बाँझो राख्न पाइने छैन । त्यस्ता कृषिका लागि कबुल गरेका जग्गाहरु बाँझो राखेको पाइएमा कृषि अनुदान कट्टा गरी अन्य कृषि अनुदानसहुलियत समेत रोक्का गरिने छ ।

६.कृषि सामाग्रीहरु गाउँ कार्यपालिकाको कार्यालयबाट उपलब्ध गराइने छ । आफ्नो खेतबारी सम्म पुऱ्याउने लाग्ने लागत स्वयम् किसानहरुले व्यहोर्नु पर्नेछ ।

७.गाउँपालिकाबाट कृषि अनुदान प्राप्त गर्न किसानहरुको समूहले लिखित प्रतिबद्धता व्यक्त अनिवार्य रुपमा व्यक्त गर्नु पर्ने छ ।

८.मोटर बोरिङ्ग सुरक्षित राख्न आवश्यक टहरा निर्माण स्वयम् किसानहरुको समूहले गर्नुपर्नेछ ।

९.अनुदान प्राप्त गर्ने व्यक्तिले गाउँपालिकाबाट अनुदान दिइएको व्यहोरा खुलाई होडिङ्ग बोर्ड राख्नु पर्नेछ ।

१०.दोस्रो गाउँ सभाबाट वडास्तरीय योजनाहरुमा परेको मोटर बोरिङ्ग उक्त गाउँ सभा अनुसार नै तत् तत् वडाहरुमा वितरण गरिने छ ।

११. मोटर बोरिङ्ग प्राप्त गरेपछि १५ (पन्ध्र) दिन भित्र काम सम्पन्न गर्नु पर्नेछ सो कामको सम्बन्धमा यस कार्यालयबाट स्थलगत अनुगमन गरिने छ ।

नोट :- थप जानकारीका लागि यस कार्यालयको कृषि शाखामा सम्पर्क राख्नु हुन अनुरोक छ ।